# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. ०७६/७७ सा.प्र.म.शा.
च.नं. ११६४

मितिः २०७६/०६/०१

विषयः सहभागिता सम्बन्धमा ।

श्री जनप्रतिनिधिहरु (सबै),
श्री कर्मचारीहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा संविधान दिवस, २०७६ मनाउने सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय, चितवनको प. सं. २०७६/०७७ च. नं. ६८ मिति २०७६/०५/२३ गतेको पत्रसाथ प्राप्त निर्णयको प्रतिलिपि यसैसाथ संलग्न छ । निर्णयमा उल्लेख भए अनुसार संविधान दिवस, २०७६ मनाउनका लागि सक्रिय रुपमा सहभागिता जनाइदिनुहुन निर्देशानुसार अनुरोध छ ।

२०७६/६/१

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः
श्रीमान् नगर प्रमुखज्यू, भरतपुर महानगरपालिका ।
श्रीमान् नगर उपप्रमुखज्यू, भरतपुर महानगरपालिका ।

फोन नं. ०५६-५२०१६७, ५२१४६७, ५३००६२, ५२६९५१, ५२२२५२, ५२५७७१, फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

Scanned by CamScanner

निर्णयहरु :

१. २०७६ सालको संविधान दिवस भव्यताका साथ मनाउनका लागि जिल्ला समन्वय समिति, चितवनका प्रमुखको अध्यक्षतामा भरतपुर महानगरपालिकाका प्रमुख, उप- प्रमुख, जि.स.स. उप-प्रमुख, जिल्लास्थित राजनैतिक दलका प्रमुख, जिल्लाका स्थानीय तहका प्रमुखहरु तथा सवै जनप्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी तथा सवै सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, उद्योग वाणिज्य संघहरु, उद्योग संघ, नेपाल बार एसोसिएसन, नेपाल रेडक्रस सोसाईटी, नेपाल पत्रकार महासंघ तथा पत्रकारहरु, गैररसकारी महासंघ तथा विभिन्न गैरसरकारी संस्थाहरु, महिला सञ्जालहरु, नागरिक समाजका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवीहरु रहेको ५५१ सदस्यीय **संविधान दिवस, २०७६ मूल समारोह समिति** गठन गर्ने निर्णय गरियो ।

२. २०७६ साल आश्विन २, ३ र ४ गते सरकारी कार्यालयहरु, सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, शैक्षिक संस्थाहरु तथा सर्वसाधारणहरुको निवासमा समेत साँझ दिपावली गर्न अनुरोध गर्ने निर्णय गरियो । साथै ३ गते साँझ ६:३० मा चौबिसकोठी, भरतपुरमा दिपावली गर्ने निर्णय गरियो ।

३. नेपाल रेडक्रस सोसाईटी , चितवनलाई संविधान दिवस, २०७६ को अवसरमा जिल्लाका विभिन्न स्थानहरुमा रक्तदान कार्यक्रम गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

४.वर्तमान संविधानको बारेमा गोष्ठी तथा अर्न्तक्रिया कार्यक्रम ( २०७६ आश्विन २ गते दिउसो १:०० बजे ) सञ्चालन गर्नका लागि नेपाल बार एसोसिएसन, चितवनलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. संविधान दिवस, २०७६ को अवसरमा जिल्ला भित्रका विद्यालयहरुका विद्यार्थीहरु सहभागी हुने गरी कविता, हाजीरी जवाफ, निवन्ध, वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न भरतपुर महानगरपालिका, शिक्षा महाशाखा र शिक्षा विकास तथा समन्वय ईकाइ, चितवनलाई अनुरोध गर्ने र पुरस्कार तथा अन्य व्यवस्थापनका लागि भरतपुर महानगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

६. २०७६ आश्विन ३ गते विहान ७:०० बजेबाट राष्ट्रिय झण्डा, झाँकी तथा ब्यान्डबाजा सहितको प्रभातफेरी कार्यक्रम सञ्चालन गर्ने र सो प्रभातफेरी लायन्सचोकबाट शुरु भएर पुल्चोक, लिलाचोक हुँदै नारायणी कला मन्दिरमा गएर औपचारीक कार्यक्रम सहित समापन गर्ने निर्णय गरियो । सो प्रभातफेरीमा राष्ट्रिय झण्डा तथा पानी,जुसको व्यवस्थापन चितवन उद्योग वाणिज्य संघ र चितवन उद्योग संघलाई, झाँकी व्यवस्थापनका लागि जनजाति महासंघ र थारु कल्याणकारी सभालाई र ब्यान्डबाजा व्यवस्थापनका लागि कालिबहादुर गण, भरतपुर ब्यारेक, जुनियर प्रहरी शिक्षालय, चितवन जिल्ला प्रहरी कार्यालय, चितवन र नवोदय स्कूल, रत्ननगरलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned by CamScanner